CC-0. In Public Domain. Digitization by eGangotri

श्रीको रक्षति रोमत

देवघाट-परिचय



लेखक/सङ्कलक

पं. श्री आनन्दप्रसाद नेपाल

देवघाट गाउँपालिका ५, तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल प्रकाशक

स्व. पिता चूडामानसिंह वस्नेतको
पुण्य स्मृतिमा

श्रीमती : जनुका वस्नेत
छोराः बाबुराम वस्नेत
बुहारीः सानु वस्नेत
नातीः प्रज्ज्वल वस्नेत
नातिनी : दिपीका वस्नेतको तर्फबाट

प्रकाशन सहयोग
दक्षिणकालिका नगरपालिका
वडा नं. ५ फर्पिङ्ग काठमाडौं

प्रकाशकहरूको तर्फबाट

देवघाट विश्वको अति पवित्रतम तीर्थस्थल हो । स्कन्दपुराण, पद्मपुराण र नेपाल माहात्यमा पनि यस तीर्थको भरपूर वर्णन र व्याख्या भएको मैले अध्ययनबाट थाहा पाएँ । मानव मात्रको स्वर्गद्वार हरिहरक्षेत्र देवघाटको सेवागर्नु मेरो लक्ष्य बन्यो र २०६० सालबाट वेणी स्नानघाट निर्माण गर्ने परिकल्पनानुसार जलस्रोत तथा सिचाइ मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्झौता गरी पटक पटकको लगानीबाट रु.एक करोड साठी लाख, निर्माण समितिको तर्फबाट रु. ४१ लाख खर्च गरी निर्माणाधीन रहेको अवस्थामा लेखक श्री आनन्दप्रसाद नेपालज्यूले देवघाटको महिमा र गरिमा उजागर गरी प्रकाशन गर्न लाग्नुभएको देवघाट परिचयले मलाई उत्प्रेरणा मिल्यो र प्रकाशन सहयोगी हुने अवसर प्राप्त गरे । तसर्थ यो महान् कार्यमा अवसर प्रदान गर्नुहुने लेखक आनन्दप्रसाद नेपाल र देवघाटधामलाई पनि हृदयत धन्यवाद दिन चाहन्छु । यसरी नेपाली साहित्यलाई अभिवृद्धि गर्ने महत्त्वपूर्ण साहित्य लेखन कार्यले उचाइ प्राप्त गरोस् भन्ने लेखकप्रति शुभेच्छा प्रकट गर्दै आफ्नो भनाइलाई अन्त्य गर्दछु । धन्यवाद ।

उमाकान्त लम्साल
अध्यक्ष, देवघाटतीर्थ स्नानस्थल एवं शवघाट संरक्षण
विकास स्थल उपभोक्ता समिति
देवघाट-५, वेणी संगम तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना



यस देवघाटधाम स्थित "सिद्ध योगनिष्ठ योगिराज ईश्वरानन्द ब्रह्मचारी" गलेश्वर बाबाद्वारा स्थापित गलेश्वर आश्रमद्वारा सञ्चालित श्री वेद वेदाङ्ग विद्यालयमा अनवरत रूपमा अध्यापन गराउनु हुने शिक्षक श्री आनन्दप्रसाद नेपालज्यूबाट समस्त देवघाटधामको एकीकृत झलकका रूपमा सबै मठ-मन्दिर, आश्रम, धर्मशाला र पर्यटकीय स्थलहरूको विवरण सूचना एउटै पुस्तकबाट पाउन "देवघाट परिचय" नामक पुस्तक तयार गरी समस्त भक्तजनहरूलाई जानकारी दिलाउने उद्देश्यले लेखिएको यस पुस्तकबाट देवघाटको महत्त्व दर्शाउन सक्ने छ भन्ने विश्वास राख्दै यस पुस्तकको तेस्रो संस्करण प्रकाशित हुन लागेकोमा लेखक प्रति खुसी व्यक्त गर्दै आगामी दिनहरूमा नयाँ नयाँ कृति लेख्न श्री सिद्धेश्वर भगवान्ले शक्ति प्रदान गरून भन्ने आशीर्वाद प्रदान गर्दछु ।

महामण्डलेश्वर स्वामी आत्मानन्द गिरि

गलेश्वर आश्रम, देवघाटधाम तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

नेपालको मध्य भूभागवर्ती देवघाटधाम स्वयंमा गौरवपूर्ण छ । समस्त हिन्दु जगत्को आस्थाको केन्द्र, साधना स्थली, ज्ञानभूमि, देवी देवताहरुको अदृश्य रुपमा क्रीडा गर्ने देवभूमि देवघाटको जति प्रशंसा गरेपनि कमी नै हुन्छ । यो धाममा प्रथम आश्रमदेखि चतुर्थ आश्रमसम्मका र कर्मकाण्डदेखि ज्ञानकाण्डसम्मका साधकहरु निवास गरी आफ्नो योग्यताअनुसार साधना गर्छन् । देवघाटको समग्र परिचय प्रदान गर्नु आफ्नो कर्तव्य सम्झी वेद वेदाङ्ग विद्यालयका कर्तव्यपरायण अध्यापक श्री आनन्दप्रसाद नेपालले "देवघाट परिचय" नामक पुस्तक तेस्रो संस्करणका रुपमा प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु । यो लघु पुस्तकले देवघाटधामको गरिमा बढाउनेछ । यसको अध्ययनले देवघाटधामको महिमा बुझ्न अवश्य नै सुगम हुनेछ । आनन्दप्रसाद नेपालको लेखनी अगाडि बढिरहोस् यही शुभाशीर्वाद ।

स्वामी ज्ञानानन्द सरस्वती
हरिहर सन्न्यास आश्रम, देवघाट-५, तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

देवघाटधाम परमपवित्र तीर्थस्थल हो । पापलाई नष्ट गर्ने र पवित्र बनाउने तत्त्वलाई तीर्थ भनिन्छ । संस्कृत व्याकरणमा तरति पापं यस्मात् यस व्युत्पत्तिबाट तीर्थ शब्द बन्दछ । पाप भनेको एक किसिमको मनोवृत्तिगत कुत्सित संस्कार हो । यसले अरु विकार फैलाउने हुँदा चित्त शुद्धिका लागि पापनाश आवश्यक छ । शास्त्रमा पापनाशका विभिन्न उपायहरु बताइएका हुन्छन् । ती मध्ये तीर्थसेवन एउटा महत्त्वपूर्ण उपाय हो ।

तीर्थमा पुगेपछि एक होइन पापनाशका अनेकौं उपायहरुको उपयोग हुन्छ । प्राकृतिक वातावरणले मनलाई पवित्र पार्छ हिमालयबाट बग्दै आएका अमृतमय पुण्यप्रद निर्मल जलले शरीर र मन दुवै पवित्र पार्छन् । त्यससँगै देवदर्शन र सन्त महात्माहरुका अमृतमय प्रवचन वा सान्निध्यले हृदयमा सत्संस्कार भरिन्छ । त्यसको परिणाममा अरु पाप कार्य तर्फ अभिमुख भइदैंन । यो तीर्थको महिमा हो ।

नेपाल तीर्थमय छ । यहाँ पूर्वदेखि पश्चिमसम्मका सयौं नदीहरु तीर्थको रुपमा प्रतिष्ठित छन् । ती सबैको राजाको रुपमा सबैको केन्द्रमा रहेको देवघाटधाम परमपवित्र तीर्थस्थल हो । यहाँका सात गण्डकीहरुको ठूलो महत्त्व रहेको छ । ती सबैभन्दा पनि साक्षात् शालिग्राम बोकेर मुक्तिनाथबाट बग्दै आएकी कृष्णा गण्डकी त विश्व दुर्लभ अपूर्व नदी हुन् । यी यहीं देवघाटधाममा उपलब्ध हुन्छिन् । यहाँ कृष्णा गण्डकी र त्रिशूलीको मिलन भएको छ र नारायणी नाम बनेको छ । यस सङ्गममा स्नान गर्नाले अक्षय पुण्यलाभ हुने र अन्यत्र नुहाएभन्दा सयौं गुणा बढी फल प्राप्त हुने कुरा शास्त्रमा बताइएको छ । यो देवताहरुको पर्यटन भूमि रहेछ, त्यसैले यस भूमिलाई देवाट वा देवघाट भनिएको रहेछ । यहाँ त देवताहरु मात्र होइन ऋषि मुनिहरु र अन्यत्रका सम्पूर्ण तीर्थहरु समेत आभ्नो पाप पखाल्न यहीं आउँछन् । त्यसैले यो सबैभन्दा ठूलो तीर्थ हो । यहाँका आश्रम, मठ मन्दिर र गुरूकुलहरुले पनि तीर्थको गरिमा अरु बढाएका छन् । हामी सौभाग्यशाली छौं किनभने हामी यो पवित्र तीर्थमा जाने बस्ने दर्शन गर्ने सु-अवसर पाएको छौं ।

तीर्थ स्नान गरेपछि मन निर्मल हुन्छ, विचार शुद्ध हुन्छ, अध्यात्मिक उर्जा प्राप्त हुन्छ, जीवन सफल हुन्छ, तर त्यसका लागि आफु अभिमुख हुनुपर्छ । तीर्थको महिमा बुझ्नु पर्छ र तदनुकूल बन्नुपर्छ । तीर्थमा गएर पनि तीर्थको महिमा बुझिएन भने, त्यहीं पाप गरियो भने झन् खतरा हुन्छ । त्यसैले भनिन्छ 'अन्य क्षेत्रे कृतं पापं तीर्थक्षेत्रे विनश्यति । तीर्थक्षेत्रे कृतं पापं वज्रलेपो भविष्यति ।। तीर्थमा पुगेपछि तीर्थको पूरा महत्त्व बुझ्नुपर्छ ।

देवघाटमा बसेर सुरभारती समाराधना गरिरहने सरस्वती समुपासक पं. श्री आनन्दप्रसाद नेपालले यो देवघाट परिचय नामक लघुपुस्तक तयार गर्नुभएको रहेछ । देवघाटको परिचय पाउन र यहाँको महत्त्व बुझ्न यो पुस्तक ज्यादै उपयोगी हुने मलाई लाग्यो । यस्ता प्रकाशनले देवघाटको प्रचारप्रसारमा ठूलो योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । अन्तमा यस पुस्तकको लेखन, संकलन र प्रकाशनमा लागेर यो महत्त्वपूर्ण काम गर्नुभएकोमा पं. श्री आनन्दप्रसाद नेपाललाई हार्दिक धन्यवाद दिँदै सम्पूर्ण श्रद्धालु महानुभावहरुलाई देवघाटधामको गरिमा बुझ्न र यसको संरक्षण र संवर्द्धनमा लाग्नुहुन समेत हार्दिक अनुरोध गर्दछु ।

डा. गुरूप्रसाद सुवेदी
प्राचार्य, महेश संस्कृत विद्यापीठ
देवघाटधाम, तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशंसा

हाम्रो राष्ट्र नेपालको पवित्र तीर्थस्थल आदिप्रयाग देवघाटधामको विषयमा अनेकौं पुराणहरुले मुक्तकण्ठले प्रशस्ति-गान गरेको पाइन्छ । दुवै देवनदी नारायणी एवं गण्डकीको संगममा अवस्थित यो पवित्रधाम हामी सम्पूर्ण नेपालीहरुका लागि आस्था एवं गौरवको केन्द्र हो । देव, ऋषि, मुनि, मानव सबैको तपस्थली रहेको यो पावन धाम प्रत्येक मानवलाई महामानव बनाउन सक्षम छ । यसमा दुई मत छैन । देवघाटधाममा रहेको प्राचीन गुफा विभिन्न मठ-मन्दिर संघ-संस्थाको परिचयात्मक कृति हाम्रो सामु ल्याउनु भएको छ । शास्त्रवेत्ता, लगनशील आफ्नो स्वधर्मको चिन्तन र कर्मको पालनमा अनवरत निरत रहनुहुने वेद वेदाङ्ग विद्यालयका पूर्व प्राचार्य श्री आनन्दप्रसाद नेपालज्यूको यो देवघाट परिचय तेस्रो संस्करण हो जो सम्पूर्ण भक्तजनहरुको मागको विषय बनेको छ । उहाँका अरुपनि प्रशंसनीय कृतिहरु रामगीता वेदस्तुतिको छायानुवाद, मानव खण्डकाव्य, स्मृतिशतक इत्यादि रहेका छन् । जो प्रकाशित भई सम्पूर्ण धार्मिक आध्यात्मिक महानुभावहरुको हातमा एवं मन-मस्तिष्कमा पुगिसकेको छ । यसै गरी नेपालज्यूको लेखनीले निरन्तरता पाओस् नवीन नवीनतम कृतिहरुको जन्म हुँदै जावोस् भन्ने परब्रह्म परमात्मासँग प्रार्थनाको साथमा उहाँको भौतिक एवं आध्यात्मिक समुन्नतिको शुभकामना सहित शुभाशिष-अस्तु ।

स्वामी कृष्णानन्द सरस्वती
अभय वेदान्त साधना आश्रम, देवघाटधाम

शुभाशंसा

नेपालको प्रमुख धार्मिक एवं पर्यटकीय तीर्थस्थल देवघाटधाममा रहेका सम्पूर्ण प्राचीन मन्दिर, आश्रम, धर्मशाला, गुफा लगायतका स्थानहरुको महत्त्व दर्शाउँदै चित्र सहित 'देवघाट परिचय' नामक ग्रन्थ तेस्रो पटक प्रकाशन गर्न लाग्नुभएको यस विद्यालयका पूर्व प्राचार्य संस्कृतज्ञ श्री आनन्दप्रसाद नेपालज्यूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । वहाँले यसभन्दा अगाडि वेदस्तुति रामगीता जस्ता ग्रन्थको छायानुवाद र मौलिक रचना सहितको मानव खण्डकाव्य प्रकाशन गरेर आफ्नो विद्वत्ताको परिचय दर्शाइसक्नुभएको छ । अन्तमा यस 'देवघाट परिचय' को पुनः प्रकाशनले यस पवित्र भूमिमा धार्मिक पर्यटन अभिवृद्धिमा कोशेढुङ्गा सावित हुनेछ भन्ने कुरामा विस्वस्त रहेको छु ।

कृष्णहरि घिमिरे
प्रधानाचार्य
श्री वेद वेदाङ्ग विद्यालय, देवघाटधाम

प्रकाशन सहयोगीहरू

बुबा आमा डोरनाथ नेपाल र पूर्णकुमारी नेपालको पुण्य स्मृतिमा प्रकाशन सहयोग

भ.म.न.पा., लंक, चितवन

जीवनाथ जमूनादेवी, नन्दीकेशर महामाया, भोजराज योगमाया तथा स्व. छोरी भगवती भट्ट दाहालको पुण्य स्मृतिमा प्रकाशन सहयोग

देवघाट, तनहुँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकीय

नेपालको मध्यभागमा अवस्थित देवघाटधाम विश्वकै सर्वोत्तम तीर्थस्थल हो । च्यवन, वशिष्ठ, विश्वावसु, नारद प्रभृति मुनिगणले निसेवित स्वर्गका देवताहरू प्रतिवर्ष माघे संक्रान्तिमा स्नान गरी सभा गर्ने, गन्धर्व किन्नरहरूको विहारभूमि, जहाँ भगवान् पशुपतिनाथ पनि सपरिवार पर्व-पर्वमा आई बस्ने भन्ने कुरा पुराणहरूमा उल्लेख भएको छ । जगत्पावनी कृष्णागण्डकी र त्रिशूली नदी तथा देवगङ्गाको(देउती खोला) संगम विन्दु देवघाटलाई शास्त्रमा सिद्धाश्रम, शम्भुतपोवन, सप्तर्षितपोवन, हरिहरक्षेत्र, शालग्रामक्षेत्र, देवाट, आदिप्रयाग, कदम्बतीर्थ, गजेन्द्रतीर्थ, चक्रतीर्थ भनी वर्णन गरिएको छ। धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्वले भरिपूर्ण देवघाट मानव मात्रको स्वर्गद्वार हो। यस तीर्थमा बसी ध्यान तपस्या, स्नान, दान गर्नाले आफू लगायत सम्पूर्ण कुलको उद्धार हुने र अन्तमा वैकुण्ठादि लोक प्राप्त हुने कुरा शास्त्रमा उल्लेख गरिएको छ । यस्तो पवित्र तीर्थ देवघाटको महत्त्व दर्शाई वर्तमान दर्शनीय मठ मन्दिर र आश्रमको विवरण लेख्न उनै अन्तर्यामी प्रभुको प्रेरणाले मैले यथामति **'देवघाट परिचय'** नामक सचित्र रङ्गीन पुस्तक लेखी प्रकाशन गर्न खोजेको छु । यसमा सन्दर्भ सामग्रीहरूको रूपमा देवघाटधाम नामक पुस्तक, केही पुराणहरू र बुद्धिजीवीहरू पनि मेरा सहयोगी बन्नु भएको छ । म शुभकामना तथा आशीर्वाद प्रदान गर्नुहुने परमश्रद्धेय गलेश्वर आश्रम पीठाधीश स्वामी आत्मानन्द गिरिजी महाराज एवं हरिहर सन्न्यास आश्रम पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीजी महाराज र डा. गुरूप्रसाद सुवेदी प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु । पुस्तक प्रकाशनमा आर्थिक सहयोग गरी पुस्तक प्रकाशन गर्नुहुने आत्मीय मित्र बाबुराम वस्नेत, उमाकान्त लम्साल, किशोर प्रसाद नेपाल, नन्दप्रसाद भट्ट र विश्वनाथ पोखेल प्रति हृदयदेखि मुरीमुरी धन्यवाद दिन चाहन्छु । टंकण कार्यमा अनवरत सहयोग गर्नुहुने श्रीजगदीश प्याकुरेल, केशव ज्ञवाली, फोटो संकलक शुभम् कोइराला गुरुहरूमा हार्दिक धन्यवाद प्रदान गर्दछु । अन्त्यमा तन, मन र वचनले सहयोग गर्नुहुने सबै सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै कमीकमजोरीहरू प्रति पनि क्षमा प्रार्थी छु ।

आनन्दप्रसाद नेपाल

देवघाट-५, तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको नाम	: **देवघाट परिचय**
लेखक/सङ्कलक	: **पं. श्री आनन्दप्रसाद नेपाल**
प्रकाशक	: बाबुराम वस्नेत/उमाकान्त लम्साल
संस्करण	: तेस्रो, २०७६ जेठ
प्रति	: हजार प्रति
सर्वाधिकार	: लेखकमा
मूल्य	: रु. १५०/-
संस्थागत मूल्य	: रु. २००/-
मुद्रक	: कालिका छापाखाना, नारायणगढ, चितवन ०५६-५७०११४, ५७१५४२
आवरण सेटिङ्ग	: मदन सेन्चुरी
प्राप्ति स्थान	: देवघाट ५, तनहूँ
कप्युटर टाइप	: जगदीश प्याकुरेल/केशव ज्ञवाली
फोटो सङ्कलक	: शुभम् कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटको संक्षिप्त परिचय

"देवानां घट्टः, वा देवा अटन्ति " यस प्रकारको विग्रहले देवघट्ट वा देवाट शब्द निष्पत्ति हुन्छ। देवघट्ट शब्दकै रूपान्तरण हो देवघाट । स्वर्गका इन्द्रादि देवताहरू स्नान गर्न भनी यस देवघाट क्षेत्रमा आउने गरेको कुरा स्कन्दपुराण र नेपाल माहात्म्यमा वर्णन गरिएको छ। नेपालको मध्य भागमा रहेको तनहूँ जिल्लाअन्तर्गत त्रिशूली र कृष्णागण्डकीको संगम क्षेत्रभित्र रहेको भूभागलाई देवघाट भनिन्छ । गोसाईंकुण्डबाट बगेकी त्रिशूली र दामोदर कुण्डबाट बगेर कागबेनी हुँदै आएकी शालिग्रामगर्भा कृष्णागण्डकी गण्डक ऋषिको गण्डस्थलबाट उत्पन्न भएकी कृष्णधारा यी दुई नदीको मिलन वेणीसंगम हो । गण्डकी नदी समान विश्वमा पुण्यदायिनी कुनै नदी वा तीर्थ छैन, द्वादशी समान पुण्यतिथि अरु छैन भन्ने कुरा स्कन्दपुराणमा चर्चा गरिएको छ -"न गण्डकीसमं तीर्थं न व्रतं द्वादशीसमम्। न देवः केशवादन्यो भूयो भूयो वरानने ।।" भारतका यमुना, गोदावरी, सतजला, पयोष्णी, सरस्वती, सरयू, गङ्गाको जति महत्त्व छ कृष्णा गण्डकीको अनन्त गुणा महत्त्व रहेको छ। लिङ्गपुराणमा यसरी बताइएको छ-"गङ्गा च यमुना चैव गोमती-मयगण्डकी" सत्य युगमा उत्तम तीर्थ पुष्कर, त्रेतामा मिथिला, द्वापरमा मधुपुरी(मथुरा) हो भने कलियुगमा गण्डकी नदी र यसका आसपासका क्षेत्रहरू पुण्यदायी, कल्मष नाशक तथा वैकुण्ठादि लोक प्राप्त गराउने बताइएको छ । पद्म पुराणमा-"कृते पुष्करिणी चैव त्रेतायां अवधालये। द्वापरे मधुपुर्याञ्च कलौ तु गण्डकी तथा।।" कृष्णागण्डकीमा दर्शन, स्नान स्पर्शन गर्नाले वाजपेय यज्ञ गरेको फल मिल्दछ। पछि सूर्यलोक प्राप्त हुनुका साथै शरीरका बाह्याभ्यन्तर रोगहरू पनि नाश हुने बताइएको छ। भविष्यपुराण - "गण्डकीं च समासाद्य सर्वतीर्थं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

जलोद्भवम् । वाजपेयमवाप्नोति सूर्यलोकं च गच्छति ॥ गङ्गा गोदावरीरेवा नद्यो मुक्तिप्रदाश्च या । निवसन्ति हिताः सर्वाः शालग्रामशिलाजले ॥" वराहपुराणमा वर्णन भए अनुसार शङ्करले गण्डकी क्षेत्रमा पाँच दिन बसेर गाई चराउनु भयो, जसले गर्दा नै हरिहर क्षेत्र भनिएको हो ।"सतः स पञ्चरात्राणि स्थित्वा वै विधिपूर्वकम् । गोधनान्यग्रतः कृत्वा हरिक्षेत्रं जगाम ह ।" विष्णुको प्रक्षालित जल भागीरथीको जो महत्त्व बुझिन्छ उनै भगवान् साक्षात् कृष्णा गण्डकीमा सर्वाङ्ग डुबेर बस्नु भएकोले भागीरथीभन्दा हजार गुणा पुण्यदायिनी छिन् भन्ने कुरा शास्त्रमा वर्णित छ । त्यस्तो जगत् पावनी कृष्णा गण्डकीको र त्रिशूलीको संगम देवघाट हो । "देवानामटनाच्चैव देवाट इति संज्ञितम् । तस्य क्षेत्रस्य महिमा केन वक्तुं हि शक्यते ।" भगवान् शङ्करले कालकूट विष पान गरे पछि असह्य हुँदा त्रिशूल प्रहारबाट उत्पन्न भएको गोसाईंकुण्डबाट प्रवाहित त्रिशूली, जसमा नदीहरू बुढीगण्डकी, मर्स्याङ्दी, मादी, चेपे, तादी, सेती, दरौंदी, वेत्रावती समाहित छन् भने दामोदर कुण्डबाट प्रवाहित कृष्णा गण्डकीमा रुरु, रुद्रमती, आँधी, सेतीवेनी, मोदीवेनी, मङ्गला, रहू, मृषा आदि नदीहरू मिलेका छन् । यसरी कृष्णा गण्डकी, शुक्ला गण्डकी र देवगङ्गा(देउती खोला) मिली बनेको संगमलाई देवघाटधामको त्रिवेणी पनि भनिन्छ । त्रिशूलीको पनि शास्त्रमा ठूलो महत्त्व बताइएको छ । त्यो भन्दा बढी महत्त्व कृष्णा गण्डकीको छ । स्वर्गको भ्याङ् बनेकी कृष्णा गण्डकी क्षेत्रमा यमदूतहरू प्रवेश गर्न सक्दैनन् भनी स्कन्दपुराणमा वर्णन गरिएको छ ।"वैकुण्ठस्य च सोपानं गण्डकी प्रोच्यते बुधैः । यत्र सा वैष्णवी माया मायापाशैर्नापाशयत् ॥ यमदूता न यत्तीरं प्रविशन्ति कदाचन ।" गयामा पिण्डदान गर्दा जति पितृहरू खुसी हुन्छन् त्यो भन्दा बढी देवघाट वेनीमा पिण्डदान गर्दा खुसी हुन्छन् । "गयायां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिण्डदानेन यथा तुष्यन्ति पूर्वजाः । तथैव गण्डकीतीर्थे श्राद्धैस्तुष्यन्ति पूर्वजाः ।" जीवनमा एकपल्ट काली नदीको दर्शन मानव भएर गरेको छैन भने त्यसका सबै प्रयासहरू निष्फल हुन्छन् । "वृथा कुलं वृथा विद्या वृथा योगा वृथा जपः । वृथा दानानि तस्येह यः सेवेत न गण्डकीम् ।" अन्य तीर्थमा सय हजार पटक स्नान गरेको पुण्य देवघाट वेणी संगम वा कृष्णा गण्डकीमा १ पटक स्नान गर्दा पुण्य मिल्दछ । मुक्तिधारा पनि भनिएको देवताहरू वर्षै पिच्छे माघे संक्रान्तिमा यस पवित्रतम देवघाटमा आएर विहार गर्ने, सभा गर्ने, स्नान गर्ने भन्ने कुरा शास्त्रमा प्रशस्त उल्लेख गरिएको छ । "प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे । कृष्णाभायां सकृत् स्नात्वा फलं तुल्यं लभेन्नरः ॥ मुक्तिधारा च कृष्णाभा तयोश्च संगमं जलम् ॥ सर्वतीर्थोत्तमं विद्धि देवलोकैश्च वाञ्छितम् ॥"

विभिन्न पुराणहरूमा वर्णित आदिप्रयागको रूपमा रहेको देवघाट हरि र हरको साधनाभूमि जसलाई हरिहर क्षेत्र पनि भनिन्छ । " वर्षर्तौ हिमवाहिन्य सर्वनद्यः रजस्वला " वर्षा ऋतुमा सबै नदी रजस्वला मानिए पनि शालिग्राम गर्भमा सदाबहार धारण गर्ने हुनाले कृष्णागण्डकीमा सधैँ स्नान गर्दा दोष नलाग्ने अझ दो ब्बर पुण्य प्राप्त हुने कुरा शास्त्रमा उल्लेख छ । विश्वमा प्रसिद्ध जगत्पावनी तीन नदीहरू छन् । एक नेपालमा रहेको कृष्णागण्डकी काली नदी हो । विश्वमा शालिग्राम प्राप्त हुने कुनै नदी छैनन् । त्यसैगरी दोस्रो जगत्पावनी नदी हो नर्मदा, जहाँ नदीको अन्तगर्भमा नै नर्मदेश्वर महादेव हजारौँ लाखौँ प्राप्त हुन्छन् । तेस्रो नदी भागीरथी गङ्गा, जसलाई स्वर्नदी (स्वर्गकी नदी) भनेर पनि चिनिन्छ । विश्वमा चर्चित ती नदीमध्ये कृष्णागण्डकी नेपालको देवघाट वेणी संगममा एकाकार भएर नारायणीको रूप धारण गर्न पुगेकी कृष्णधारा जसको मिलन बिन्दु क्षेत्रलाई देवघाट भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटका दर्शनीय केही मठ मन्दिर र आश्रमहरूको सामान्य परिचय

१. मुकुन्देश्वर महादेव चक्रवर्ती मन्दिर



अध्यक्ष भवानी तिमसिना

पाल्पाका राजा मणिमुकुन्दसेन प्रथमद्वारा १५८९ मा स्थापना भई १६०४ मा उद्घाटन भएको पाञ्चायन देवल स्थापना गरी ध्यान साधना गरी परमधाम भएको इतिहासमा रहेको छ। शिलामा ६ वटा ओंकार अंकित चक्रवर्ती शिला क्रमिक बढ्दै गएको जनश्रुति छ। २०५६ सालमा विष्णु सापकोटाद्वारा संस्थागत रूपमा दर्ता भएको ४३ रोपनी गुठी रहेको क्षेत्रभित्र धार्मिक वन वाटिका विभिन्न प्रजातिका वृक्षारोपण गरी तपोवन निर्माण गरिएको छ। १५८९ सालदेखि यथावत् रहेको मन्दिर २०७२ सालको भूकम्पले जीर्ण भई प्रस्तरकलाद्वारा कलात्मक नमुना मन्दिर निर्माण भएको छ। ६० सालदेखि हालसम्म भवानीप्रसाद तिमसिना यस आश्रम र मन्दिरको अध्यक्ष रहनुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. गलेश्वर आश्रम



त्रिशूली र कृष्णागण्डकीको वेणी संगमदेखि २०० मिटर पूर्व समथर भूभागमा योगीराज ईश्वरानन्द ब्रह्मचारीद्वारा स्थापना भएको गलेश्वर आश्रम रहेको छ । पहिले २००१ साल, दोस्रो पटक २००९ साल र तेस्रो पटक २०२० सालमा पटक पटक देवघाट आउने र जाने गर्नुहुने गलेश्वर बाबाले क्रमशः गलेश्वर आश्रम र २०२३ सालमा वेद वेदाङ्ग विद्यालयको स्थापना गर्नुभयो । २४ पटक गायत्री पुरश्चरण गर्नुभएका अष्टाङ्ग योगसिद्ध बाबा धुनी जगाई ज्योतिर्लिङ्गेश्वर मन्दिरको स्थापना गरी योगाभ्यास त्रिकाल मन्त्रजप साधना गर्दै दिनचर्या बिताउनु-भयो । खराउ लगाएर नदी वारपार गर्ने बाघ, अजिङ्गरको रूप धारण गरी बस्ने कुरा बाबाको सङ्गत गर्ने भक्तहरूको भनाइ छ । पाहुना आए भने एउटा माटाको घ्याम्पो थियो । त्यहाँ जति पनि चामल निकाले पनि सकिँदैनथ्यो । चामल सकिए पनि फेरि गएर हेर्दा भरि नै हुन्थ्यो रे । यस्तो चमत्कारी बाबा भनेर देख्नेहरू



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सिद्धेश्वर मन्दिर



गुरूकुल प्राङ्गण

भन्छन् । यस आश्रमका पीठाधीश दण्डी स्वामी, परम नन्द सरस्वती हुँदै महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराज वर्तमान पीठाधीश्वर हुनुहुन्छ । सामान्य गुरुकुलको रूपमा सञ्चालन हुदै आएको गुरुकुलको २०६४ सालमा कक्षा ६ देखि १० सम्म नेपाल सरकारबाट माध्यमिक तह स्वीकृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


वर्तमान गलेश्वर आश्रम पीठाधीश

गरी सञ्चालन गरिएकोमा हाल २०७५ सालबाट गुणस्तरीय संस्कृत शिक्षाको अपरिहार्यतालाई मध्यनजर गर्नुहुने साधनासिद्ध, संस्कृत शिक्षाप्रेमी, सन्तशिरोमणि स्वामी आत्मानन्द गिरिजी महाराजको शुभ सङ्कल्पद्वारा भविष्यमा स्नातकोत्तरसम्मको शिक्षा प्रदान गर्ने हेतुले हाल कक्षा ११ को स्वीकृति लिई कक्षा सञ्चालन गरिएको छ । वर्तमान पीठाधीश गुरू महाराजले भव्य शिव मन्दिर सिद्धेश्वर महादेव मन्दिरको निर्माण, विद्यालय निर्माण, धर्मशाला, अन्नक्षेत्र, धर्मार्थ अस्पतालको निर्माण गरी गलेश्वर बाबाको सपना पूरा गर्नु भएको छ । विद्यार्थी १२० जना र अध्यापक २० जना रहेका छन् ।

३. पगलाबाबा अघोर आश्रम

पगलाबाबाद्वारा स्थापित अघोर आश्रम वेणीसंगम नजिकै

तनहुँ जिल्लामा अवस्थित छ । २०७० मा जि.प्र.का.बाट ३८६७८ मा दर्ता गरी सञ्चालनमा रहेको १०८ शिवलिङ्ग, ७ फिट अग्लो शिवमूर्ति, गणेश, सरस्वती, महाकाली, भैरव आदिको मूर्ति रहेको, पगलाबाबाको समाधिस्थल, हवनकुण्ड, कालीको मूर्ति आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर र भव्य मूर्तिहरूले सजिएको पगलाबाबाको विश्राम कुटी, विशाल वन वाटिकाले परिपूर्ण एक अलौकिक शान्ति वाटिका रहेको छ, जहाँ भक्तजनहरू आश्रय लिने गर्छन् । यसको हाल संरक्षण रेखदेख स्थानीयवासी हिरालाल बोटेद्वारा भएको छ ।

४. हरिहर आश्रम



श्री १००८ स्वामी परमानन्द सरस्वती महाराजद्वारा २०४९ सालमा गलेश्वर आश्रमको सञ्चालन गर्दै यस आश्रमको जग्गा खरिद गरी मन्दिर निर्माण गरिएको, २०५३ सालबाट कक्षा स्वीकृत गरी क्रमशः २०७० सालसम्ममा शास्त्री कक्षासम्मको विद्यापीठ नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालन भइरहेको छ । हाल स्वामी परमानन्दका परम शिष्य उत्तराधिकारी



संस्थापक स्वामी परमानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती महाराजद्वारा आश्रम र मन्दिरको सञ्चालन गर्दै आश्रमको भौतिक विकासका साथसाथै गुणस्तरीय शिक्षाको पहलकदमीमा समर्पित रहेको अवस्था छ । विद्यार्थी सङ्ख्या १५० छ भने गुरुहरू दुवै तहमा २५ जना कार्यरत हुनुहुन्छ ।



वर्तमान पीठाधीश ज्ञानानन्द सरस्वती

५. महेश आश्रम



संस्थापक अध्यक्ष डा. स्वामी रामानन्द गिरि

वि.सं.२०४९ सालमा जग्गा खरिद गरी भवन निर्माणका साथसाथै २०५१ साल चैत्र रामनवमीको दिन धर्म, संस्कृति, संस्कार र सभ्यताको संरक्षण गर्ने हेतुले महेश संस्कृत गुरुकुलको विधिवत् शुभारम्भ

वर्तमान पीठाधीश रमणानन्द गिरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको थियो। २०५३ सालमा नेपाल सरकारबाट कक्षा ६ र ७ को स्वीकृति प्राप्त गरी क्रमशः २०५६ सालमा माध्यमिक तह स्वीकृत गरिएको थियो। २०५८ सालपछि क्रमशः उत्तरमध्यमा, शास्त्री र आचार्यसम्मको नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालन भइरहेको छ। हाल विद्यार्थी सङ्ख्या २०० जना छन् भने अध्यापकहरू २५ जना छन्। विद्येश्वर मन्दिरको भव्य निर्माण, पुस्तकालय, भोजनालय, चारतले क्याम्पसभवन, धर्मशाला आदिको निर्माणका साथै, सङ्गीत, कम्प्यूटर, भागवत प्रवचन अभ्यास, योग, खेलकुद आदिको व्यवस्थापन गरी नमुना विद्यालय सञ्चालन गरिएको छ। हाल रमणानन्द गिरि पीठाधीश रहनुभएको छ।

६. प्राणनाथ अनाथ आश्रम

विदुषी तारा घिमिरे माताजीको सत्प्रयासबाट अनाथ निराश्रयी बनेका बालबालिकाहरूको कल्याण गरी सामाजिक उत्तरदायित्त्व वहन गर्ने हेतुले २०६३ सालमा प्राणनाथ अनाथ आश्रमको स्थापना, भवन, मन्दिर निर्माण गरी सुव्यवस्थित ढङ्गले सञ्चालन हुँदै आइरहेको छ।

७. कालिका मन्दिर

देवघाटवासीहरूले धेरै प्राचीनकालदेखि वनदेवीको रूपमा पूजा आराधना गर्ने हेतुले स्थापना गरिएको कालिका भगवतीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



मन्दिर पुलको मुखदेखि १ किलोमिटर उत्तरतर्फ वन सिमानामा अद्यावधि यथावत् रहेको मन्दिर निर्माण समितिले वर्षको एकपल्ट नवरात्रमा जमरा राख्ने र दुर्गाशप्तशती पाठ गर्ने गरेको बुझिएको छ । भक्तहरूको कामना पूरा गर्ने एक शक्तिशाली शक्तिपीठ रहेको किंवदन्ती अनुसार भक्तहरू मन्दिर जाने दर्शन गर्ने र आफ्नो मनोरथ पूरा होस् भनी वरदान माग्ने चलन आजसम्म पनि उत्तिकै रहेको छ । हाल मन्दिरमा यमबहादुर थापा अध्यक्ष हुनुहुन्छ ।

८. पशुपतिनाथ मन्दिर

पवित्र तीर्थ देवघाट वेणीसंगमदेखि ५० मिटर उत्तरपूर्वमा भगवान् पशुपतिनाथको मन्दिर रहेको छ । वरिष्ठ समाजसेवी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ममतामयी, दानप्रवरा, सुश्री मैयाँदेवी श्रेष्ठद्वारा २०४२ सालमा स्थापना भएको हो । भक्तजनहरू गङ्गास्नान गरी गङ्गाजल लिएर श्रद्धापूर्वक जलार्पण गर्ने गर्दछन् ।

९. सीतागुफा

रावणकी बहिनी शूर्पणखाको दण्डकारण्य जङ्गलमा लक्ष्मणले नाक कान काटेको बदला लिन खर र दूषण रामसँग लडाइँ गर्न आउने निश्चय भएपछि रामको आज्ञाले देवघाटको गुरु वशिष्ठगुफा नजिकै लक्ष्मणले सीतालाई लुकाउनु भयो । महाराज दशरथकी जेठी बुहारी जनक राजाकी छोरी सीता वनवासपछि लङ्काको रावण कुम्भकर्ण लगायत सम्पूर्ण दानवहरूलाई मारी राम अयोध्या फर्केपछि धोबीको अपमानका कारण वाल्मीकि आश्रममा छोडिएकी सीता यहीं पवित्र तीर्थस्थल देवघाटको कालीगण्डकी तीरमा वाल्मीकिको आज्ञाले लवकुश छोराहरूसँग बस्नुहुन्थ्यो। अश्वमेधयज्ञमा छोडिएको घोडा लवकुशले समाएपछियज्ञ रोकियो र राम स्वयं लवकुशको पराक्रमको प्रभाव बुझेर कसका छोरा भनी सोद्धा सम्पूर्ण वृत्तान्त बताएपछि आफ्नै छोरा भएको जानकारी पश्चात् आमा कहाँ छिन् ? भेटौँ भन्दा सीतालाई आत्मग्लानि र आफूलाई गर्भावस्थामा यस्तो घनघोर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्गलमा छोड्ने निष्ठुरी रामलाई किन हेर्नु भनी विमुख हुँदा पत्नीको अनुहार देख्ने लालसाले रामले चुल्ठो तानेर मुख हेर्न खोज्दा धर्ती फाटेर सीता त्यहीं अलप भएको शास्त्रीय प्रमाण र किंवदन्ती अनुसार वेणीसंगमदेखि ३०० मिटर माथि काली किनारमा आज पनि फाटेको धर्ती चट्टान र सीतागुफा हेर्न सकिन्छ । कसैले त्रिवेणी गण्डक क्षेत्रस्थित वाल्मीकि आश्रम भित्र नै यो परिघटना भएको सुनाउँछन् ।

१०. वशिष्ठ गुफा



सीतागुफा सँगसँगै रामका कुलगुरु वशिष्ठले दश हजार वर्ष तपस्या गरेको गुफा आजसम्म पनि उस्तै छ । त्यहीं गुफाभित्र वशिष्ठको प्रतिमा निर्माण गरी वरिष्ठ समाजसेवी मैंयादेवी श्रेष्ठले गुफाको मर्मत संभार गरी गुफा संरक्षण गर्नुभएको हो । यसको हाल संरक्षण रामबहादुर कार्कीद्वारा भएको छ ।

११. सूर्यकुण्ड

त्रिशूली र कालीको वेणीसंगमदेखि १०० मिटर पश्चिमतर्फ मौलाकालिकाको दर्शन गर्न जाने गोरेटो बाटोको प्रारम्भमा प्रस्तर शिलामा सूर्यकुण्ड रहेको छ । भित्तामा रहेको चट्टानमा बनेको प्राकृतिक कुण्डमा बाह्रै महिना पानी नसुक्ने पुण्यात्माहरूले साक्षात् भगवान् सूर्यको दर्शन गर्ने गरेको सुनिन्छ । (जहाँ खराउ लगाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गलेश्वर बाबा हिँडेर पानीमा पारी सूर्यकुण्डमा गई गायत्री अनुष्ठान, सूर्योपस्थान र सूर्य दर्शन गरी फर्किनुहुन्थ्यो भन्ने जनश्रुति रहेको छ।)

१२. नेछेन थार्वलिङ बौद्ध गुम्बा (देवपुर)

अध्यक्ष आशा गुरुङ्ग

च्यानडाडाँ समाधि डाडाँलाई स्थगित गरेर स्वप्नमा दिइएको अनुसार देवपुर क्षेत्रमा बढ्दै गइरहेको अत्यधिक हिंसात्मक प्रवृत्तिको निवारण तथा आफ्नो धर्म, संस्कृति र संस्कारको संरक्षण गर्ने उद्देश्यले वि.सं २०६८ साल बौद्ध पूर्णिमाका दिन आशा गुरुङ्गद्वारा स्थापित बौद्ध गुम्बाले देवपुर क्षेत्रमा बौद्ध धर्म, संस्कृति र संस्कारको जगेर्ना गर्नका लागि महत्त्वपूर्ण योगदान दिएको छ। यस गुम्बामा प्रतिदिन आफ्ना पितृहरूको सम्झनामा धूपबत्ती बालिनुका साथै नित्य उभयकालीन सत्संग कार्यक्रम हुँदै आइरहेको छ।

१३. साँढेबगरको जलकुण्ड (महादेव मन्दिर)

देवघाट तनहूँको करिब दुई कि.मी. उत्तरतर्फ साँढेबगर भनिने स्थानमा वृषभ रूप शिलामा दुई फिट गोलाइ गहिरो जलकुण्ड रहेको छ, जहाँ बाह्रै महिना यथावत् भरी जल देख्न सकिन्छ। यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपूर्व र आश्चर्य लाग्ने हिउँद वर्षा एकनास जल देखिने कतै बाट जल प्रवेश गर्न नसक्ने मानव मात्रको लागि दर्शनीय र पुण्यदायी जलकुण्ड रहेको छ । कुण्डमा पानी सुकेमा देशमा अनिष्ट हुने जनश्रुति रहेको छ ।

१४. सत्यनारायण मन्दिर

श्रीवैष्णव सम्प्रदायका अनुयायी सरल स्वभाव र सामान्य पहिरनका धनी पुराण र धर्मशास्त्रका ज्ञाता कन्दमूल फलाहार मात्र गर्ने स्वामीजीद्वारा देवघाट तनहूँ हरिहर आश्रम अगाडि सत्यनारायण मन्दिर र आश्रमको स्थापना तथा सञ्चालन गरिएको छ ।

१५. केदारनाथ मन्दिर

संस्थापक स्व. लीलाधर ढकाल हुनुहुन्छ । मन्दिरमा मूल केदारनाथ भगवान्को श्रीविग्रह सहित अन्य सूर्य, गणेश, दुर्गा आदिको मन्दिर तथा कार्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवन र भोजनालय पनि रहेका छन्, जहाँ दैनिक पूजा आरती भव्य रूपमा सञ्चालित छन् ।

१६. श्री बद्रीनाथ मन्दिर



संस्थापक श्री अर्जुन सिटौलाद्वारा २०६२ सालमा स्थापित भव्य कलात्मक बद्रीनाथ मन्दिर रहेको छ । रामानुज सम्प्रदायका अनन्य भक्त रहनु भएका श्री देवनायकाचार्य हाल पीठाधीश रहनु भएको छ । आगन्तुक भक्तहरूका लागि बस्ने समेत व्यवस्था भएको तथा शास्त्रीय विधिवत् पूजा आरती दैनिक सञ्चालन भएको बुझिएको छ ।

१७. साई आश्रम

देवघाट-५, तनहूँ नयाँ वस्तीमा हाल साईराम मन्दिरको निर्माण गरी भव्य रूपमा पूजा आरती सञ्चालन हुँदै आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. श्री स्वस्थानी परमेश्वरी मन्दिर

देवघाट-५, तनहूँ हालको झोलुङ्गे पुलको मुखैनेर श्री स्वस्थानी परमेश्वरीको मन्दिर निर्माण भई सञ्चालनमा रहेको छ। सो मन्दिरको २०७१ मा स्थापना भएको हो भने २०५५ सालमा श्रीकृष्णबहादुर मानन्धरको अध्यक्षतामा भवन निर्माण शिलान्यास भई आश्रम निर्माण पनि गरिएको थियो।

१९. राधाकृष्ण मन्दिर एवं दुर्गा पाञ्चायन मन्दिर

देवघाट-५, तनहूँ अन्तर्गत महेश आश्रमको नजिक पद्मा भूर्तेलद्वारा २०४० सालमा स्थापना गरिएको राधाकृष्ण मन्दिर हाल दीननाथ भूर्तेलको संरक्षकत्वमा सञ्चालन हुँदै आएको छ। दुर्गा पाञ्चायनका संस्थापक विष्णुवल्लभ भूषाल हुनुहुन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०. अभय वेदान्त साधना कुटीर

स्वामी कृष्णानन्द सरस्वतीद्वारा २०५९ सालमा स्थापना गरिएको आश्रममा भव्य प्रवचन हल, सन्त निवास आदि भवनहरू निर्माण भएका छन्, जहाँ दैनिक गीता, उपनिषद् आदिको स्वाध्याय तथा प्रवचन हुने गरेको छ।

२१. वराहमूर्ति तथा विष्णुपादुका



नारायणाचार्यद्वारा स्थापित विष्णुशैय्या मन्दिर

वि.सं.२०४१ सालमा ढुङ्गामा भगवान् वराहको मूर्ति कुँधेर काली भतेरीमा नारायणाचार्यले मन्दिर निर्माण गर्नु भएको हो। नजिकै प्राकृत भगवान् विष्णुको दिव्य चरणपादुका विशाल ढुङ्गामा रहेको छ, जहाँ दैनिक धेरै तीर्थ यात्रीहरू दर्शन गर्न जाने गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२२. गङ्गामाता मन्दिर



महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजीको सत्प्रेरणाबाट वेणी संगम नजिकै श्री गलेश्वर आश्रमद्वारा निर्मित र सञ्चालित एक आकर्षक भव्य गङ्गामाता मन्दिर रहेको छ।

२३. ॐ शान्ति मैयादेवी ट्रष्ट सेवा संस्था

वि.सं.२०५४ सालमा निर्मित सो संस्था समाजसेवी मैंयादेवी श्रेष्ठद्वारा निर्मित एक सामाजिक सेवार्थ उपयोग गरिएको संस्था हो।

२४. इन्दिरा सन्न्यास आश्रम (श्री दुर्गापञ्चाङ्ग शक्तिपीठ मन्दिर)

श्री इन्दिरा माताजीद्वारा संस्थापित आश्रम विशुद्ध सामाजिक

सेवाका लागि समर्पित संस्था हो। यसको परिसरमा दुर्गा पाञ्चायन शक्तिपीठ नामक कलात्मक मन्दिर निर्माण गरिएको छ।

संस्थापक अध्यक्षः माता ईश्वरानन्द सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२५. अद्वैत संस्था आचार्यपीठ

डा. क्षितीशचन्द्र चक्रवर्तीद्वारा स्थापित अद्वैत संस्थाको शाखाको रूपमा देवघाट क्षे.वि.स. कार्यालय नजिकै रहेको छ।

२६. कौडिन्य ऋषि आश्रम

देवघाट गा.पा.-५, देवपुरमा प्यागोडा शैलीमा निर्मित कलात्मक मन्दिर परिसरमा सामाजिक सेवार्थ सापकोटाहरूको भव्य आश्रम निर्माण भएको छ। वर्तमान अध्यक्ष राजेन्द्र सापकोटा हुनुहुन्छ।

अन्य संस्थाहरू:-

- रेडियो देवघाट, देवघाट-५, तनहूँ
- शाण्डिल्य ऋषि आश्रम, देवघाट-५, तनहूँ
- गर्ग आश्रम(देवघाटमा दुईतले पक्की भवन र यज्ञशाला भएको), देवघाट-५, तनहूँ
- देवघाट सार्वजनिक पुस्तकालय, देवघाट-५, तनहूँ, २०६३ सालमा संस्थादर्ता गरिएको मनीष सापकोटाद्वारा जग्गा प्रदान गरिएकोमा हाल भव्य पुस्तकालय निर्माण गरिएको छ।
- सीताराम मन्दिर(सेतेबाबा बलरामदासद्वारा स्थापित सो मन्दिर हरिहर आश्रम नजिकै छ।)
- मुक्तिनाथ आश्रम, देवघाट-५, तनहूँ
- सुशीला विश्वनाथ उपाध्याय पोखरेल धर्मशाला, देवघाट-५, तनहूँ
- देवघाट क्षेत्रविकास समिति कार्यालय, देवघाट-५, तनहूँ
- देवघाट गाउँपालिका कार्यालय, देवघाट-५, तनहूँ
- देवघाट समाजकल्याण केन्द्र(वृद्धाश्रम २०५२ मा स्थापित), देवघाट-५, तनहूँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ओशो तपोवन, देवघाट-५, तनहूँ
- ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय, देवघाट-५, तनहूँ
- शिव मन्दिर (गौरीटार)
- देवविनायक गणेश मन्दिर (पुलको मुखमा, तनहूँ)
- दुर्गा मन्दिर
- देवघाट सामुदायिक सेवा केन्द्र
- देवघाट सामुदायिक सिकाइ केन्द्र
- नेपाल रेडक्रस सोसाइटी, देवघाट-५
- ज्योति विकास बैंक ○ पाण्डेय आश्रम देवघाट-५, न्यायाधीशटोल
- सिद्धार्थ विकास बैंक
- देवघाट सामूहिक अध्ययन केन्द्र
- चक्रवर्ती सामाजिक उद्यमी महिला सहकारी संस्था
- देवघाट विकास केन्द्र नेपाल

चितवनतर्फ

२७. शङ्कराचार्य मठ (चितवन)

वैदिक सनातन धर्मका अनन्य समुपासक श्रद्धेय रामानन्द सरस्वतीज्यूद्वारा २०३८ सालमा धर्म, संस्कार, संस्कृति संरक्षणका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त शङ्कराचार्य मठको स्थापना गरिएको हो । मठभित्र शिव र पार्वतीको प्रतिमा तथा गणेश पाञ्चायनका मूर्तिहरूमा नित्य पूजा आरती साथै नित्य सत्संग भइरहन्छ । आगन्तुक यात्रु तथा अतिथिहरूलाई बस्नको लागि पनि व्यवस्था रहेको छ ।

२८. सीताराम मन्दिर (चितवन)

ब्रह्मचारी श्री डिल्लीराम बाबाद्वारा स्थापित यस मन्दिरभित्र राम परिवारको मूर्ति रहेको छ । २०२५ सालमा सीताराम मन्दिर को स्थापना भएको हो । मन्दिरमा नित्य पूजा आरती हुनुका साथै नित्य स्वाध्याय प्रवचन हुने गरेको छ । देवघाटमा भएका विभिन्न धर्मशाला, सीताराम संस्कृत माध्यमिक विद्यालयको स्थापना, आयुर्वेद औषधालय, विकासका पूर्वाधारहरू, तनहूँ र चितवन जोड्ने देवघाटको झोलुङ्गे पुल, मठ–मन्दिरहरूको पुनर्निर्माण आदि श्री डिल्लीराम बाबाका महत्त्वपूर्ण योगदानहरू हुन् ।

२९. लक्ष्मीनारायण मन्दिर (चितवन)

रामानुज सम्प्रदायका संस्थापक स्वामी श्री जनार्दन आचार्यले वि.सं. २०२४ सालमा यस मन्दिरको स्थापना गर्नुभएको हो । यस मन्दिरभित्र चल र अचल गरी दुई थरीका अनेक मूर्तिहरू रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । मन्दिरमा नित्य पूजा आरती हुनुका साथै विभिन्न पर्वहरूमा धार्मिक महोत्सव पनि आयोजना हुने गरेको छ, जहाँ क्रतुस्तम्भको पनि स्थापना गरिएको छ । हाल उहाँका उत्तराधिकारी श्रीधराचार्य सञ्चालक रहनु भएको छ ।

३०. शरणागति आश्रम (चितवन)

निम्बार्क सम्प्रदायका अनुयायी अन्तर्राष्ट्रिय ख्याति प्राप्त भक्तिप्रधान सङ्गीतमय भागवत कथा वाचक संस्कृत वाङ मयका धरोहर स्व. आचार्य खेमराज केशवशरणज्यूद्वारा यस देवघाटधाममा शरणागति आश्रम र मन्दिरको निर्माण गरी २०५७ सालबाट सञ्चालनमा रहेको बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१. सङ्कल्पेश्वर हनुमान मन्दिर (चितवन)

तपस्वी बम बाबाले प्रारम्भ गर्नुभएको गलेश्वर आश्रम पीठाधीश महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको शुभ सङ्कल्पद्वारा भव्य पुनर्निर्माण र सञ्चालन गरिएको यो मन्दिर झोलुङ्गे पुलको मुखैमा रहेको छ। हाल गलेश्वर आश्रमले सञ्चालन गर्दै आएको यस मन्दिरमा हनुमानको विशाल मूर्ति रहेको छ। मन्दिरमा नित्य पूजा आरती हुनुका साथै हनुमान जयन्तीका दिन विशेष पूजा आराधना हुने गरेको छ।

३२. श्री वागीश्वरी आध्यात्मिक परिषद् (चितवन वागिश्वरी क्षेत्र)



वेदोपनिषद्, गीता, ब्रह्मसूत्र आदि पूर्वीय दर्शनमा निष्णात नाथसम्प्रदायका अनुयायी योगी नरहरिनाथले २०४९ सालमा कोटी होम गरी गोसंरक्षण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभियान हेतु आश्रमको स्थापनाका साथै वागीश्वरी मन्दिरको निर्माण गर्नुभएको हो । कोटी होम गर्ने क्रममा उत्खनन गर्दा सिमलको रुखको फेदमा जोडी सिंहमूर्ति, वायुपङ्खी नन्दी, ढुङ्गाका खम्बा आदि पुरातात्त्विक वस्तुहरू फेला परेको भनाइ छ । हाल सो आश्रममा ५०० भन्दा बढी गाई पालन, भव्य गौशाला, धर्मशाला, योगी बस्ने पर्णकुटी, यज्ञशाला आदि निर्माण भई नेपालकै नमुना गोसंरक्षण संस्था रहेको बुझिन्छ ।

३३. विश्वशान्ति यज्ञशाला मन्दिर

श्री ५ महेन्द्रद्वारा यज्ञशाला सञ्चालनार्थ गुठीको रूपमा केही जग्गा प्रदान गरी सञ्चालनमा रहेको विश्वशान्ति यज्ञशालाको २०१८ सालमा स्थापना भएको हो । संस्थापक पं. पद्मलालका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा गोकर्ण सुवेदीको अध्यक्षतामा हाल विधिवत् सञ्चालनमा रहेको बुझिएको छ।

३४. अखण्ड दीपज्योति शिव मन्दिर (चितवन)

वि.सं.२०४१ सालमा स्थापना भएको सो मन्दिरमा दैनिक रुद्रीपाठ, पूजा आरती हुने गरेको छ।

३५. श्री हरिकीर्तन वैदिक धर्मशाला

भ.म.न.पा. १ देवघाट नारायणी नदी किनारमा यो धर्मशाला रहेको छ। श्री हरिकीर्तन बाबा (उमानाथ कण्डेल) यसको सङ्कल्प कर्ता एवम् अध्यक्ष रहनु भएको छ। नेपाल तथा अन्यत्रबाट आउने सम्पूर्ण श्रद्धालु भक्तजनका लागि बास बस्ने सुविधा रहेको छ। चारतले ५४ कोठा रहेको सुविधा सम्पन्न धर्मशाला परिसरमा स्वामी रामानुजाचार्य मन्दिर, हवनकुण्ड आदि निर्माण भएका छन्।

३६. आनन्द साई श्रीराम कुटी अखण्ड धुना आश्रम

रामबाबाद्वारा संस्थापित यो आश्रम हाल लक्ष्मी बाबाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संरक्षकत्वमा सञ्चालन हुँदै आएको छ । जहाँ सुविधा सम्पन्न धर्मशाला निर्माण तथा अखण्ड धुना पनि सञ्चालन हुँदै आएको छ। यहाँ श्रद्धालु भक्तजनहरूका लागि बस्ने सुत्नेको पनि व्यवस्था रहेको छ।

३७. लिङ्गेश्वर शिवमन्दिर

भ.म.न.पा. १ देवघाटमा शिवको मूर्ति रहेको मन्दिरमा दैनिक पूजा आरती सञ्चालन हुँदै आएको छ।

३८. देवघाट एन.आर.एन वृद्धाश्रम

गलेश्वर आश्रमको सक्रियतामा पीठाधीश महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको सत्प्रेरणाबाट गैर आवासीय नेपाली संघद्वारा २०६४ सालमा स्थापना भई ६० जना वृद्ध वृद्धाहरूको लागि आवास, भोजन र स्वास्थ्य उपचार सहितको व्यवस्था गौशाला, भोजनालय, महिला पुरुषहरूको लागि छुट्टाछुट्टै बस्ने व्यवस्था रहेको छ। वृद्धाश्रम, प्रवचन कक्ष(सभाहल), कार्यालय, शुद्ध पिउने पानी आदिको प्रबन्ध एक विगाहा १० कट्ठा जग्गाभित्र कम्पाउण्ड गरिएको छ। हाल गले श्वर आश्रमद्वारा सञ्चालनमा रहेको छ।

अन्य संस्थाहरू:-

- रामजानकी बालिकाश्रम, देवघाट, चितवन
- रोटरी करुणालय वृद्धाश्रम,
- आनन्द तपोवन नागकुण्ड, देवघाट
- ईश्वर बालसेवा आश्रम, देवघाट
- अखण्डानन्द निकेतन, देवघाट
- काश्यपेश्वर महादेव विन्दवासिनी मन्दिर
- आयुर्वेद औषधालय, देवघाट, चितवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- कविशिरोमणि लेखनाथ पौड्याल स्मारक पार्क, देवघाट, चितवन
- राधा सर्वेश्वर भजनाश्रम, देवघाट, चितवन
- न्यौपाने कुल मन्दिर, देवघाट, चितवन
- पौडेल कुल मन्दिर, देवघाट, चितवन
- पशुपतिनाथ मन्दिर, देवघाट, चितवन
- माडवारी धर्मशाला, देवघाट, चितवन
- भोलेबाबा धर्मशाला, देवघाट, चितवन
- चौधरी धर्मशाला, देवघाट, चितवन
- नेछेन थार्वलिङ बौद्ध गुम्बा, देवघाट
-

नवलपुरतर्फ

३९. मौला कालिका



पाल्पाली सेन राजा मणिमुकुन्द सेनले राज्य सञ्चालनको क्रममा सैनिक टुकडी स्थापना गरेको इतिहास सँगै त्यही राजाले स्वप्नमा साक्षात् देवीको दर्शन पाएको भन्ने सुनिन्छ। उत्खनन गर्दा देवीको शिला प्राप्त भएको र त्यही ठाउँमा भगवती कालिकाको स्थापना गरेको भन्ने बुझिएको छ। २०३७ सालदेखि यसको भौतिक विकास तथा पुनर्निर्माण गर्दै आएको बुझिन्छ। सिँडी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्ग रहेको ठाउँ-ठाउँमा विश्रामस्थल रहेको प्राकृतिक मनोरम दृश्यावली, वन-कुञ्ज, पुष्पवाटिका आदि रहेको त्यो दिव्य मन्दिर वरिपरी धर्मशाला, कार्यालय, पौवा समेत रहेको छ। दुई तीन सय मानिसको लागि बस्ने समेत सुविधा भएको सो मन्दिरको दर्शन गर्नाले आफ्नो मनोरथ पूर्ण भएको श्रद्धालुहरूको भनाइ रहेको छ।

४०. लक्ष्मी नृसिंह दिव्यधाम

वि.सं.२०५६ सालमा स्वामी सन्तनारायणाचार्यद्वारा स्थापना गरिएको सो मन्दिरमा श्री सुदर्शन भगवान्, नीलादेवी, श्री वैकुण्ठनाथ भगवान्, नटवर नारायण, भूदेवी आदिका श्रीविग्रह रहेका छन्।

४१. श्री निम्बार्क दर्शन केन्द्र(राधाकृष्ण मन्दिर)

वि.सं.२०४० सालमा तुलसीशरणदेव डिठ्ठा, कुलप्रसाद आचार्य, हरिशरणदेवद्वारा स्थापना गरिएको आश्रम तथा राधाकृष्ण मन्दिर हाल भव्य रूपमा सञ्चालन हुँदै आएको बुझिएको छ।

४२. शुकदेव भागवत आश्रम

त्रिदण्डी जीयर स्वामी टीकाराम आचार्यद्वारा २०५४ मा स्थापना गरिएको आश्रममा श्री लक्ष्मीनारायण मन्दिर पार्षदसहित भव्य निर्माण भई सञ्चालन भएको छ।

अन्य संस्थाहरू:-

- लक्ष्मीनारायण मन्दिर (स्था.२०६०)
- गोपेश्वर बोलबम धाम शिवालय(स्था.२०२९)
- श्वेतवराह भगवान्को मन्दिर
- रामानुज वेद विद्याश्रम गुरुकुल
- हरेराम हरेकृष्ण मन्दिर
- नारायण नवदुर्गा मन्दिर
- लक्ष्मी वेङ्कटेश मन्दिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटमा मनाइने धार्मिक चाडपर्वहरू

१. नववर्ष (वैशाख संक्रान्ति)
२. वैशाख शुक्ल पञ्चमी
३. चण्डी पूर्णिमा (बुद्ध जयन्ती)
४. अक्षय्य तृतीया
५. जेष्ठ शुक्ल तिया (गलेश्वर बाबाको बृहत् भण्डारा)
६. जेष्ठ शुक्ल दशमी
७. गुरू पूर्णिमा (आषाढ)
८. श्रावण महिना भरी बोलबम मेला
९. जनै पूर्णिमा (श्रावण)
१०. हरिशयनी एकादशी
११. भाद्र कृष्णाष्टमी (श्रीकृष्ण जन्माष्टमी)
१२. पितृपक्ष पार्वणश्राद्ध (सोह्र श्राद्ध)
१३. नवदुर्गा पूजा
१४. आश्विन शुक्ल पूर्णिमा
१५. हरिबोधिनी एकादशी
१६. बाला चतुर्दशी
१७. पौष पूर्णिमा (स्वस्थानी व्रतारम्भ)
१८. मकर स्थान (माघे संक्रान्ति)
१९. सरस्वती पूजा (माघ शुक्ल पञ्चमी)
२०. स्वस्थानी पूर्णिमा समापन(माघ)
२१. महाशिवरात्री (फाल्गुन)
२२. रामनवमी
२३. सूर्यग्रहण
२४. चन्द्रग्रहण
२५. गङ्गा आरती (दैनिक गलेश्वर आश्रमद्वारा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुशिला विश्वनाथ धर्मशाला

मूल सडक, देवघाट-२, तनहुँ

मणिभद्र खनाल, तिलकराम खनालको र
पुण्य स्मृतिमा प्रकाशन सहयोग
भानुभक्त खनाल
कृष्णमुरारी खनाल (छोरा)
वाणगंगा नगरपालिका
कपिलवस्तु, वडा नं. ३

सम्पर्क नं.
धर्मशाला: ०५६-५०००५८
पवन किराना स्टोर: ०५६-५०००५७
प्रेम सापकोटा: ९८५५०६३१८४
विश्वनाथ उपाध्याय: ९८५४०२१३०९

छाला, यौन, निसन्तान एवं मलद्वार रोग सम्बन्धी सम्पूर्ण समस्याको समाधानको लागि

यौन समस्या: महीला तथा पुरुषमा देखिने सरुवा यौनरोग, गोनोरिया, भिरङ्गी आदि यौन उत्तेजना नहुने,
शिघ्रस्खलन, धातुरोग, महीनावारी सम्बन्धि गडबडी एवं
निःसन्तानपनको उपाचार
छालारोग: डण्डीफोर, चायापोतो दुवी, कोठी, मुसा विभिन्न चर्मरोग, दाद, लुतो, सोरियसीस आदि ।
मलद्वार: पाइल्स, फिस्टुला, फिसर, रगतआउने, मलद्वारमा मासु पलाउने चिरा पर्ने, पेट दुख्ने, कन्जियत आदिको क्षारसुत्र, इन्जेक्सन, क्षारकर्म आदिद्वारा सफल उपचार गरिन्छ । दैनिकरुपमा विशेषज्ञ डाक्टरद्वारा

माता मनकामना आरोग्य केन्द्र
भरतपुर-१०, चितवन
(चितवन मेडिकल कलेजको अपोजिट भरतपुर पेट्रोल पम्प सँगै)
फोन: ०५६-५२०५६८, ५८४५०५१५७७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक विनारी

नाम :	: आनन्दप्रसाद नेपाल
जन्म मिति	: वि.सं. २०३६ साल श्रावण १ गते
जन्म स्थान	: भिल्टुङ्ग-दुईपिपल-माझगाउँ, त्रिशूली, नुवाकोट
ठेगाना	: देवघाट गा.पा. ५, तनहूँ
पिताको नाम	: मुरलीप्रसाद नेपाल
माताको नाम	: रूद्रकुमारी(गोमा) नेपाल
शिक्षा	: आचार्य (इतिहास पुराण), वी.एड्.
शिक्षण सेवा	: वेद वेदाङ्ग विद्यालय(२०६२ देखि हालसम्म), (२०६४ देखि २०७० सम्म प्राचार्य पदमा)
	: राधामाधव वैदिक गुरुकुल (प्राचार्य पदमा) (२०५५ देखि २०६४ सम्म)
प्रकाशित कृति	रामगीता एवं वेदस्तुतिको छायानुवाद तथा विविध (२०७५ श्रावण)
	: मानव खण्डकाव्य (२०७५ भाद्र)
	: स्मृति शतक (सिद्धयोगी गलेश्वर बाबाको) (२०७५ भाद्र)
	: देवघाट परिचय प्रथम संस्करण (२०७५ कार्तिक)
	: देवघाट परिचय दोस्रो संस्करण (२०७५ मङ्सिर)
	: देवघाट परिचय तेस्रो संस्करण (२०७६ जेठ)
प्रकाशोन्मुख कृति	: पद्मा खण्डकाव्य
	: आशौच निर्णय : औषधिसार
	: गोमहिमा : स्रष्टा र सृष्टि
	: समर्पण उपन्यास : आनन्द कथासङ्ग्रह
	: मानव धर्म : रसारमण खण्डकाव्य (भ्याउरे)
लेखनोन्मुख	: आर्य महाकाव्य

फोन: ९८४५१५८११३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal